प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं १

विराटनगर मोरंग

पत्र संख्या : २०७४/०७५

च.न.: ५४

मितिः २०७५।३।३

**विषय : आ.व. २०७५।०७६ को वित्त हस्तान्तरण र बजेट कार्यान्वयन सम्बन्धमा ।**

**श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**महानगरपालिका । उप महानगरपालिका । नगरपालिका । गाउँपालिका**
**प्रदेश नं १ ।**

प्रस्तुत विषयमा नेपालको संविधानको धारा २०७ बमोजिम आर्थिक वर्ष २०७५।०७६ को प्रदेश अन्तरगतका विभिन्न निकायले गर्ने सेवा र कार्यहरुको निमित्त खर्च गर्ने अधिकारका लागि र नेपालको संविधानको धारा २०३ बमोजिम आन्तरिक श्रोत जुटाउनका लागि समेत प्रदेश सभामा क्रमश विनियोजन विधेयक र आर्थिक विधेयक मिति २०७५।३।१ गते पेश भई सकेको व्यहोरा अवगत नै छ । उक्त विधेयकहरुमा व्यवस्था भए अनुरुपका प्रावधानहरु सहित वित्तीय हस्तान्तरण तथा योजना तथा कार्यक्रम कार्यान्वयनका लागि अन्तर सरकारी वित्त हस्तान्तण सम्बन्धी मार्गदर्शन पठाइएको छ । कानूनी प्रावधान सहित यस मार्गदर्शनवाट योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सरल होला भन्ने विश्वास यस मन्त्रालयको बजेट तथा योजना महाशाखाले लिएको छ ।

**अन्तर सरकारी वित्त हस्तान्तण :**

1. वित्तीय समानीकरण अनुदानको आधार प्राकृतिक श्रोत तथा वित्त आयोगवाट प्राप्त मापदण्ड बमोजिम पठाइएको छ ।
2. वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रत्येक वर्षको भदौ २५ गते, मंसिर २ गते, फाल्गुण २ गते र ज्येष्ठ २ गते गरी ४ किस्तामा स्थानीय तहको संचित कोषमा दाखिला गर्ने छ ।
3. वित्तीय समानीकरण अनुदानवाट खर्च भएको रकमको विवरण प्रदेश लेखा नियन्त्रण कार्यालय मार्फत प्रत्येक वर्षको कार्तिक १ गते, माग १ गते, बैशाख १ गते र आषाढ मसान्त भित्र बुझाई सक्नु पर्नेछ । विवरण प्राप्त नभएमा वित्तीय समानीकरणको बाँकी रकम सम्बन्धित संचित कोषमा दाखिला गरिने छैन ।
4. अन्तर सरकारी वित्त हस्तान्तरण अन्तरगत सशर्त अनुदानको एक चौथाई रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय संचित कोषमा प्रत्येक वर्षको भदौ २५ गते दाखिला गर्ने छ ।
5. सशर्त अनुदानको रकम जुन योजना वा कार्यक्रमका लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रममा खर्च गर्नु पर्ने छ ।

उपसचिव

# प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
## प्रदेश नं १
## विराटनगर, मोरंग

पत्र संख्या : २०७४/०७५
च.न.: ८४

6. सशर्त अनुदानको विवरण बुझाउने कार्यविधि प्रदेश सरकारले बनाए पछि सोही बमोजिमको मितिमा बाँकी रहेको रकम पेश भएको विवरणको आधारमा चौमासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय संचित कोषमा दाखिला गर्ने छ ।
7. सशर्त, समपूरक र विशेष अनुदानको रकम आषाढ मसान्त सम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालयले व्यवस्था गरेको निकाय मार्फत प्रदेश संचित कोषमा दाखिला गर्नु पर्नेछ । यदि दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले अर्को वर्ष हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानवाट समायोजन गर्ने छ ।
8. सशर्त अनुदानको रकम योजना तथा कार्यक्रम छनौट भए पछि शर्तहरु सहित पठाइने छ । योजना तथा कार्यक्रम कार्यान्वयनका लागि प्रत्येक स्थानीय तहमा कम्तिमा १ करोडको (बजेट बक्तब्य बूँदा नं १४) योजना तथा कार्यक्रम छनौट गरी पठाइने छ ।
9. समानीकरण अनुदानको विवरण, आर्थिक विधेयक तथा अन्य जानकारीका लागि यस मन्त्रालयको वेभ साइट www.moeap.p1.gov.np मा हेर्न सक्नु हुनेछ ।

हरिहर पौडेल
उप-सचिव

बोधार्थ :
श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाण्डौं ।
श्री प्राकृतिक श्रोत तथा वित्त व्यवस्थापन आयोग, सिंहदरवार, काठमाण्डौं ।
श्री अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा, सिंहदरवार, काठमाण्डौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं. १, बिराटनगर ।
श्री प्रदेश लेखा नियन्त्रण कार्यालय, प्रदेश नं. १, बिराटनगर ।
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, वित्त हस्तान्तरण शाखा, प्रदेश नं. १, बिराटनगर - सशर्त अनुदानका लागि योजना तथा कार्यक्रम र वित्त हस्तान्तरणका लागि ।